# हिमाली सुस्केरा
राष्ट्रिय साप्ताहिक

वर्ष : २४, अङ्क : ३५, २०८३ जेठ ३ गते आइतवार ( 17 May 2026 ) मूल्य रु. २५।-



खेलाडीलाई हौसाला प्रदान गर्न खेलकुद मन्त्री र सभामुख रंगशाला पुगे ।

## एआईमा आधारित सिकाइ प्रणाली विस्तार गर्ने घोषणा

सुस्केरा समाचारदाता
डोल्पा, जेठ । सरकारले शिक्षा क्षेत्रलाई सुधार र समृद्धिको आधारका रूपमा स्थापित गर्ने घोषणा गरेको छ ।
आगामी आर्थिक वर्ष को नीति तथा कार्यक्रम प्रस्तुत गर्दै सम्मानानिय राष्ट्रपति रामचन्द्र पौडेलले यस्तो बताउनुभएको हो । उहाँले माध्यमिक तहसम्म निःशुल्क शिक्षा सुनिश्चित गरिने बताउनु भयो ।
साथै पाठ्यक्रमलाई समयसापेक्ष बनाउँदै विद्यालय शिक्षालाई गुणस्तरीय, जीवनोपयोगी र रोजगारमुखी बनाइने बताउनुभयो ।
उहाँले सार्वजनिक शिक्षामा दीर्घकालीन लगानी वृद्धि गर्ने तथा तथा निजी क्षेत्रबाट सञ्चालित शैक्षिक संस्थालाई सेवामुखी र गुणस्तरकेन्द्रित बनाउन आवश्यकताअनुसार नियमन गरिने बताउनुभयो ।
नयाँ शिक्षा योजनाअन्तर्गत इलर्निङ, भर्चुअल कक्षा, खुला डिजिटल सामग्री र कृत्रिम बुद्धिमत्ता (एआई) आधारित सिकाइ प्रणाली विस्तार गरिने भएको बताउनुभयो ।
उच्च शिक्षालाई श्रम बजारसँग जोड्ने रणनीतिअनुसार विश्वविद्यालयहरूको प्राज्ञिक तथा शासकीय पुनर्संरचना सरकारको नीति रहेको समेत उहाँले बताउनुभयो ।
उहाँले विद्यालय नक्साङ्कन, समायोजन, शिक्षक दरबन्दी मिलान, पुस्तकालय र प्रयोगशाला सुधारलाई

....... .. .पेज नं. ८ मा

## एसईईको नतिजा सार्वजनिक

सुस्केरा समाचारदाता
डोल्पा, जेठ । राष्ट्रिय परीक्षा बोर्डले माध्यमिक शिक्षा परीक्षा (एसईई) २०८२ को नतिजा सार्वजनिक गरेको छ । सार्वजनिक नतिजा अनुसार यस वर्ष देशभरबाट सहभागी भएका कुल विद्यार्थीमध्ये ६५.९८ प्रतिशत विद्यार्थी उत्तीर्ण भएका छन् ।
परीक्षा नियन्त्रण कार्यालयका अनुसार यस वर्षको परीक्षामा कुल ४ लाख ३० हजार ६ सय ६७ जना विद्यार्थी सहभागी भएका थिए। जसमध्ये २ लाख ८४ हजार १६० जना विद्यार्थीले माथिल्लो कक्षामा भर्ना हुनका लागि आवश्यक ग्रेड प्राप्त गरेका छन् ।
ग्रेडगत विवरण:
नतिजाको विश्लेषण गर्दा सबैभन्दा उच्च जीपीए अर्थात् ३.६० देखि ४.०० सम्म ल्याउने विद्यार्थीको सङ्ख्या ४८ हजार ३ सय ९२ रहेको छ ।
त्यस्तै, ३.२० देखि ३.६० जीपीए ल्याउने विद्यार्थी ८० हजार ३ सय ७२ जना रहेका छन् ।

....... .. .पेज नं. ८ मा

## मन्त्रालय अब अठार वटा मात्र

सुस्केरा समाचारदाता
डोल्पा, जेठ । सरकारले सङ्घीय सरकारका मन्त्रालय २२ बाट घटाएर १८ बनाउने निर्णय गरेको छ। प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय सिंहदरबारमा गएको बुधबार बसेको मन्त्रीपरिषद् बैठकले नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०८३ स्वीकृत गर्ने निर्णयपश्चात् मन्त्रालयको सङ्ख्या घटाएको हो । सरकारको प्रशासनिक सुधार र मितव्ययिता कायम गर्ने, अनावश्यक चालु खर्च कटौती गर्ने तथा कार्यसम्पादन थप प्रभावकारी र छरितो बनाउने मुख्य उद्देश्यसहित मन्त्रालयको सङ्ख्या घटाइएको हो ।
प्रधानमन्त्री वालेन्द्र शाहका प्रेस तथा अनुसन्धानविज्ञ दीपा दाहालका अनुसार सरकारले अर्थ, गृह, परराष्ट्र,

....... .. .पेज नं. ८ मा

## पाठ्यक्रम र मूल्याङ्कन प्रणाली

रासस
काठमाडौं, जेठ। सरकारले सबै तहका पाठ्यक्रम र मूल्याङ्कन प्रणालीको पुनरावलोकन गर्ने भएको छ ।
सङ्घीय संसद्का दुवै सदनको संयुक्त बैठकलाई सम्बोधन गर्दै सम्माननिय राष्ट्रपति रामचन्द्र पौडेलबाट प्रस्तुत नीति तथा कार्यक्रममा माध्यमिक तहसम्मको शिक्षालाई सहज पहुँच योग्य बनाउने सङ्कल्प गरिएको छ ।
प्रस्तुत नीति तथा कार्यक्रममा रोजगारमुखी शिक्षाको विस्तार, सार्वजनिक शिक्षामा लगानी वृद्धि गरी शिक्षाको नियमन, कृत्रिम बुद्धिमता र सूचना प्रविधिको प्रयोग विस्तारका विषय पनि समावेश गरिएका छन् ।
यस्तै, विश्वविद्यालयको पुनःसंरचना, शिक्षक नियुक्ति र बढुवालाई पारदर्शी बनाउँदै शिक्षकको पारिश्रमिक बढाइने र १० हजार सामुदायिक विद्यालयमा उच्च गतिमा इन्टरनेट विस्तार गर्ने

....... .. .पेज नं. ८ मा

## मन्त्रीपरिषद गठन र कार्यविभाजन

सुस्केरा समाचारदाता
डोल्पा, जेठ । सम्मानानिय राष्ट्रपति रामचन्द्र पौडेलले संविधानको धारा ७६ को उपधारा (९) बमोजिम प्रधानमन्त्री वालेन्द्र शाहको सिफारिसमा मन्त्रीको नियुक्ति र कार्यविभाजन गर्नुभएको छ। राष्ट्रपति कार्यालयका प्रवक्ता रितेश कुमार शाक्यले बिहीबार विज्ञप्ति जारी गर्दै गत चैत १३ गते गठित मन्त्रीपरिषद्मा प्रधानमन्त्रीले कार्यविभाजन गरी मन्त्रीपरिषद् गठन गर्नुभएको हो । सङ्घीय मन्त्रालयको सङ्ख्या २२ बाट घटाएर १८ वटा कायम गरिएको छ ।
प्रधानमन्त्री शाहले गृह, रक्षा र विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालय आफै राख्नुभएको छ। रक्षा मन्त्रालय प्रधानमन्त्रीले सुरुदेखि नै आफैँले राख्नुभएको छ, भने गृहमन्त्रीबाट सुधन गुरुङले राजीनामा दिएपछि कसैलाई जिम्मेवारी दिनुभएको छैन । अर्थमन्त्रीमा डा. स्वर्णिम वाग्ले, परराष्ट्रमन्त्रीमा शिशिर खनाल, ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्रीमा विराजभक्त श्रेष्ठ र हनुभएको छ ।
पूर्वाधार विकासमन्त्रीमा सुनील लम्साल, कानुन, न्याय तथा संसदीय मामिलामन्त्री

....... .. .पेज नं. ८ मा

## आगामी आवको बजेटमा अर्थमन्त्रीका प्राथमिकता

सुस्केरा समाचारदाता
डोल्पा, जेठ । अर्थमन्त्री डा स्वर्णिम वाग्लेले निर्वाचनको समयमा राष्ट्रिय स्वतन्त्र पार्टीले व्यक्त गरेका वाचापत्र, शासकीय सुधार र सरकारको नीति तथा कार्यक्रममा केन्द्रित रहेर आगामी आर्थिक वर्षको बजेट तय हुने बताउनु भएको छ ।
सङ्घीय संसद् प्रतिनिधिसभाको अर्थसमितिको आजको बैठकमा उहाँले आगामी आवको बजेट कार्यान्वयनका लागि स्रोत व्यवस्थापन सबैभन्दा ठूलो चुनौती भए पनि सरकारले आवश्यक प्रबन्ध गर्ने विश्वास दिलाउनुभयो ।
उहाँले राजस्व चुहावट नियन्त्रणका लागि निर्मम भएर लाग्ने उल्लेख गर्नुभयो । स्वदेशी उत्पादनलाई समस्यामा पार्ने गरी अवैध तस्करी नियन्त्रणमा लागि सरकार निर्मम भएर लाग्ने स्पष्ट पार्दै आम जनताको दैनिक जीविकोपार्जनका लागि हदैसम्मको लचक हुने बताउनुभयो ।
अर्थमन्त्रीले सरकारको नियमित दायित्व मात्रै करिब रु १३ खर्ब ३० अर्ब रहेको, करिब रु सात खर्ब अपुग हुने तथ्य पेस गर्नुभयो । उहाँले सिर्जनशील कार्यक्रमका लागि आफूले स्रोत जुटाउने विश्वास दिलाउँदै चुनौतीलाई अवसरका रूपमा बदल्ने बताउनुभयो ।
अर्थ मन्त्रालयले यसअघि नै मन्त्रालयहरूलाई बजेटको 'सिलिङ' तोकेर पठाइसकेको जानकारी दिँदै उहाँले त्यस आधारमा नै सम्बन्धित मन्त्रालयमार्फत समावेश गर्न सकिने विषय भए मन्त्रालयले सम्बोधन गर्ने स्पष्ट पार्नुभयो ।
अर्थमन्त्रीले नियमित स्रोतबाट मुलुकको आवश्यकतालाई सम्बोधन गर्न नसकिने भएकाले सरकारले 'वैकल्पिक

....... .. .पेज नं. ८ मा

### एआईमा आधारित ... ....

एकीकृत योजनामार्फत कार्यान्वयन गरिने बताउनुभयो ।

सुशासन र नीतिगत सुधारमा केन्द्रित रहँदै सरकारले नयाँ चरणको आर्थिक सुधार शृङ्खलालाई प्रभावकारी बनाउने गरी आगामी आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रम सार्वजनिक गरेको छ ।

राष्ट्रपति रामचन्द्र पौडेलले सो मबार संसद्को संयुक्त बैठकमा पेस गर्नुभएको नीति तथा कार्यक्रममा आगामी दशकमा औसत सात प्रतिशतको आर्थिक वृद्धिदर हासिल गने गरी आधारभूत पुनर्संरचनामा नीति तथा कार्यक्रमलाई केन्द्रित गरिएको छ । स्थिर पूर्वानुमान योग्य आर्थिक नीति निर्माण गर्ने गरी कर प्रशासन, लगानी तथा आयोजना विकासदेखि उद्यम शीलता प्रवर्धन जस्ता पक्षबाट आर्थिक सुधारको नतिजा प्राप्त गर्ने नीतिगत रूपान्तरणमा जोड दिइएको छ ।

प्रविधिमैत्री राजस्व प्रशासनदेखि दोहोरो करमुक्त अवस्था सिर्जना गर्ने नीति सरकारको रहने छ । स्वदेशी निजी क्षेत्रदेखि वैदेशिक लगानी प्रवर्धन गने गरी नीतिगत स्थिरताप्रति वचनबद्ध रहेको नीति तथा कार्यक्रममा एकीकृत कर प्रणालीदेखि एकद्वार प्रणालीको व्यवस्थापन गर्ने उल्लेख गरिएको छ । वैदेशिक सहायता ऋण तथा निजी क्षेत्रको लगानीलाई प्रतिफलमुखी बना उने तथा सीमारहित अर्थतन्त्र र तौ लरहित व्यापारलाई राष्ट्रिय आर्थिक रणनीतिका रूपमा स्वीकार गरिएको छ ।

मुआब्जाको विकल्प सेयर

नीति तथा कार्यक्रममा ऊर्जामा आधारित उद्योग प्रवर्धन गर्दै विद्युत्को आन्तरिक खपत उल्लेख्य रूपमा बढाउने वाचा गरिएको छ । विद्युत् उत्पादन, प्रसारण वितरण र व्यापार मा निजी क्षेत्रका सहभागिता सुनिश्चित गर्ने घोषणा गरिएको छ ।

साथै अन्तरदेशीय ऊर्जा

### आगामी आवको ... .. .....

वित्तसम्बन्धी विधेयक' तत्काल अगाडि बढाउन लागिएको जानकारी दिनुभयो । उहाँले सो विधेयकलाई थप समृद्ध बना उन सबैको सार्थक सहयोग जरुरी रहेको आवश्यकता औंल्याउनुभयो ।

पाँचवटा 'थिम'मा आगामी बजेट

अर्थमन्त्री वाग्लेले पाँच वटा 'थिम'मा आगामी आर्थिक वर्षको बजेट आउने जानकारी दिनुभयो । उहाँले वर्तमान सर कार गठन भएपछि अगाडि बढाइएको सुशासनको लाभांश वितरण गर्ने तरि काले बजेट विनियोजन गर्ने विश्वास दिलाउनुभयो ।

यस्तै, उहाँले अर्थतन्त्रको पुनः संरचना गर्नेगरी बजेट आउने उल्लेख गर्नुभयो । त्यस्तै, सम्पर्क सञ्जालको विस्तार एवम् सहरी विकास, भौतिक पूर्वाधार, ऊर्जा, सिँचाइ, खानेपानी सडकजस्ता 'डिजिटल' नेटवर्कका लागि ठूलो लगानी गरिने जानकारी गराउनुभयो ।

### मन्त्रीपरिषद गठन ......

मा सोबिता गौतम, महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामा जिक सुरक्षामन्त्रीमा सीता बादी, भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्रीमा प्रतिभा रावल, स्वास्थ्य तथा खाद्य स्वच्छतामन्त्रीमा निशा मेहता रहनुभएको छ। शिक्षा तथा खे लकुदमन्त्रीमा सस्मित पोखरेल, संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्रीमा खड्गराज पौडेल, सूचना तथा सञ्चार मन्त्रीमा डा. विक्रम तिमिल्सिना, कृषि, वन तथा पर्यावरणमन्त्रीमा गीता चौधरी, उद्योग वाणिज्य तथा आपूर्तिमन्त्रीमा गौरी कुमारी र युवा, श्रम तथा रोजगार मन्त्री रामजी यादव हुनुभएको छ ।

### मन्त्रालय अब .. .... ....

रक्षा र कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयलाई यथावत् राखे को छ । त्यसै गरी उद्योग, वाणिज्य तथा आपूर्ति; संस्कृति, पर्यटन तथा नागरिक उड्डयन र ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय पनि यथावत् छन् । सरकारले प्रविधि र आविष्कार लाई प्राथमिकता दिँदै साबिकको शिक्षा मन्त्रालयबाट विज्ञान-प्रविधि झिकेर र नयाँ थप गरिएको नवप्रवर्तनसम्बन्धी कार्य हेर्ने गरी छुट्टै 'विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालय' गठन गरेको छ । अन्य मन्त्रालयको कार्यविभाजनमा व्यापक हेरफेर गर्दै समान प्रकृतिका मन्त्रालयलाई एकीकृत गरिएको छ । त्यस अनुसार अब शिक्षा तथा खे लकुद मन्त्रालय छुट्टै हुने छ । अको सञ्चार मन्त्रालय; त्यसै गरी युवा, श्रम तथा रोजगार मन्त्रालय र

### पाठ्यक्रम र .....................

प्रतिबद्धता पनि गरिएको छ ।

### एसईईको नतिजा ..... ...

अन्य ग्रेड समूहको विवरण निम्नअनुसार छ :

२.८० देखि ३.२० जीपीए: ९४,२२२ जना
२.४० देखि २.८०जीपीए: ५५,९७७ जना
२.०० देखि २.४० जीपीए: ५,१९० जना
१.६० देखि २.०० जीपीए: ७ जना

१ लाख ४६ हजारको 'एनजी': यस वर्षको नतिजामा १ लाख ४६ हजार ५ सय ७ जना विद्यार्थीले 'एनजी' (**Non–Graded**) प्राप्त गरेका छन् ।

एनजी प्राप्त गर्ने विद्यार्थीहरूले पुनः ग्रेड वृद्धि परीक्षामा सहभागी हुनुपर्नेछ। बोर्डका अनुसार दुई विषयसम्म एनजी आउने विद्यार्थीका लागि तत्कालै ग्रेड वृद्धि परीक्षा सञ्चालन गरिनेछ ।

**बाल अधिकारको रक्षा गरौं।**

- माया, ममता, संरक्षण, स्वास्थ्य वातावरण, उचित पोषण, शिक्षा, मनोरञ्जन र विकासको अवसर पाउनु प्रत्येक बालबालिकाको अधिकार हो,
- बालअधिकारको रक्षा गरौं,
- बालबालिकाको जन्मदर्ता अनिवार्य गरौं,
- शोषण, दुर्व्यवहार र बालश्रमबाट बालबालिकालाई बचाऔं,
- घर, विद्यालय र समाजमा सुरक्षित र प्रेमपूर्ण वातावरण बनाऔं,
- बालअधिकारप्रति संवेदनशील बनौं,
- बालबालिकाको सर्वोत्तम हितलाई ध्यान दिऔं।

**बालअधिकार सुनिश्चित गरौं, उज्ज्वल भविष्यको निर्माण गरौं।**

कर्णाली प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
वीरेन्द्रनगर, सुर्खेत।

**धूम्रपान त्यागौं, स्वस्थ जीवनशैली अपनाऔं ।**

- धूम्रपानले क्यान्सर, मुटु रोग र श्वासप्रश्वाससम्बन्धी समस्या निम्त्याउँछ,
- धूम्रपान स्वास्थ्यका लागि हानिकारक छ,

त्यसैले,

- सार्वजनिक स्थानमा धूम्रपान नगरौं,
- किशोर–किशोरीहरूलाई धूम्रपानबाट टाढा राखौं,
- धूम्रपानको लतबाट मुक्त हुन आवश्यक परामर्श र सहयोग लिऔं,
- धूम्रपान नगर्ने वातावरण सिर्जना गरौं,
- आफ्नो र परिवारको स्वास्थ्यको रक्षा गरौं,
- धूम्रपान त्याग्ने संकल्प गरौं,
- धूम्रपान विरुद्ध जनचेतना फैलाऔं र स्वस्थ समाज निर्माण गरौं।

**स्वस्थ जीवन, उन्नत भविष्यको आधार।**

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रकाशक/सम्पादक : विष्णुलाल बुढा
व्यवस्थापक : निराकुमारी बस्नेत
कानुनी सल्लाहकार : रामप्रसाद बुढा
सल्लाहकार : आङबहादुर लामा
लालिमान बुढा
सुरेन्द्र ढकाल
रविलाल खत्री
प्रमुख संवाददाता: बीरबहादुर बुढा
मुद्रक : हिमाली सुस्केरा अफसेट प्रेस
ठुलीभेरी नगारपालिका-३ दुनै, डोल्पा
Email : hsuskera@gmail.com
www.himalisuskera.com.np

## सम्पादकीय

# नीति तथा कार्यक्रम

हरेक आर्थिक वर्ष सुरु हुनु डेढ महिना अघि सरकारले बजेट सार्वजनिक गर्दछ। त्यस भन्दा अघि नै सरकारको नीति तथा कार्यक्रम संघीय संसदबाट पास भैसक्नु पर्दछ । त्यस कारण पनि आर्थिक वर्ष सकिनु २ महिना अघि नै संघीय संसद अधिवेशन सुरु हुन्छ। संघीय संसदका दुबै सदनबाट नीति तथा कार्यक्रम पास गरेर प्रिबजेट तथा कार्यक्रमका विषयमा छलफल हुने गर्दछ । आगामी आर्थिक वर्ष २०८३।०८४ का लागि सरकारले नीति तथा कार्यक्रम तयार पारेर सम्माननिय राष्ट्रपति रामचन्द्र पौडेल मार्फत गएको बैशाख २८ गते संघीय संसदको संयुक्त बैठकमा प्रस्तुत भैसकेको छ। संसदमा प्रस्तुत भएको नीति तथा कार्यक्रम संघीय संसदका दुबै सदनबाट पारित पनि भैसकेको छ। यो पटकको नीति तथा कार्यक्रममा नयाँ पना के आयो त भन्ने विषयमा देशका विज्ञहरुले छलफल गरिरहेको पाइन्छ। हाम्रो देश आर्थिक कमिमा बल्फि रहेको देश हो । त्यसैले पनि देशमा रहे को ढुकुटीको सिमा हेरेर नीति, कार्यक्रम तथा बजेट बन्ने गर्दछ। यो पटक पनि त्यसैको निरन्तरता हो ।

सरकारको नीति तथा कार्यक्रमले देशमा रहेका पिछडा वर्ग, निम्न स्तरका तथा पछि परेका, पारिएका वर्गको प्रतिनिधित्व तथा ती वर्गहरुको हितमा आउनु पर्छ भन्ने हेतु रहनु पर्छ। त्यसो भनिरहदा अरु वर्गलाई पुरै बाईपास गर्नु पर्छ, भनेको होइन। अन्य अघि आएका वर्ग, क्षेत्र र अवस्थालाई नजरअन्दाज गर्नुपर्छ भन्ने होइन। अर्को महत्वपूर्ण कुरा नीति तथा कार्यक्रमले देशमा हुने खाने र हुँदा खानेका बीचको खाडललाई कम गर्ने योजना के के ल्यायो भन्ने हो। यसमा विज्ञहरुले पनि सरकारलाई सुझाउनु आवश्यक छ। प्रत्यक्ष तथा अप्रत्यक्ष सर कारलाई मार्गदर्शन गरिरहेका सल्लाहाकारहरुले यसमा गम्भिर ध्यान दिनु आवश्यक छ। देशलाई कता लान खोजिएको हो, त्यो बाटो प्रस्ट हुनु आवश्यक छ। यो वर्षको नीति तथा कार्यक्रम निराशाजनक छै न। जनतालाई आशा जगाउने खाल कै छ, सफलता असफलता भने कार्यान्वयन कसरी हुन्छ भन्नेबाट तय हुन्छ।

देशका नागरिहरुलाई आश्वासन होइन परिणाम चाहिएको छ, काम चाहिएको छ, परिवर्तन चाहिएको छ, त्यसैले पनि सरकारका सम्माननिय प्रधानमन्त्री बोल्ने भन्दा काममा ध्यान दिने गरेको दे खिएको छ। देखिनु र यथार्थमा गर्नु फरक कुरा हो, देखाउने मात्र होइन काम गर्नु आवश्यक छ। पारित नीति तथा कार्यक्रममा केही आशा लाग्दा पक्षहरु देखिएका छन्। तर त्यसको कार्यान्वयन पक्ष हेर्न बाँकी छ। उही पुरानै सरकारहरुको भेदभावी, पक्षपाति ढर्रा हुनेछैन भन्ने आशा राख्नु पर्छ, जनताले देशमै रोजगारीको ढोका खुल्छ भन्ने विश्वास लिएका छन्। देशमै उत्पादन बढ्ने, रोजगारी देशमै पाइने, विकास द्रुत गतिमा हुने, नागरिकका काम छिटोछरितो हुने, भ्रष्टाचार, नातावाद, कृपावाद, ढिलासुस्ती, घुस, कमिशन, सरकारी सेवा सुविधा प्रवाहमा विभेदको अन्त हुने आशा नेपाली नागरिकहरुले गरेका छन् । आफ्नालाई पोष्ने, अरुका राम्रा भए पनि पेल्ने नीति लिनु हुँदैन, यसो भए ल्याइएको नीति कार्यक्रम सफल हुन्छ। सबैको जय होस्।

# अचेत काठमाण्डौं

विक्रम तिरुवा सलिन
रातोपाटीबाट

प्रिय काठमाडौं,
म केही दूरबाट तिम्रो सामीप्यमा
भोको मस्तिष्क लिएर
उपस्थित भएको हुँ।

म तिम्रो सहरबाट मेरो भोको मस्तिष्कमा
ज्ञान भर्न आएको हुँ
तिमीसँग सबथोकको तलाउ छ भन्ने
सुनेर म यहाँसम्म आइपुगेको हुँ।

प्रिय काठमाडौं, बिन्ती मलाई गाली नगर्नु,
मैले तिमीभित्र सबथोक देखेँ
मन्दिरहरूको सहर तिमीभित्र देखेँ
सुविधासम्पन्न विद्यालयदेखि विश्वविद्यालयसम्म तिमीभित्रै देखेँ।

तर विडम्बना,
मैले तिम्रो चेत गुमेको अवस्थामा देखेँ
तिमीबाट म चेतना लिन आएको हुँ
तिमी नै चेतनाविहीन भएपछि
तिमीबाट मैले के लिएर जाने ?

प्रिय काठमाडौं, तिमीभित्रै छ
यो देशको सरकार र सिंहदरबार
तिमीभित्रै बस्छन्
जनतामाथि शासन गर्ने शासकहरू
यी सब हुँदाहुँदै तिमी किन अचेत ?

प्रिय काठमाडौं, तिमीलाई प्रश्नै प्रश्न छन्
तिम्रो सहरभित्र बस्नेहरू कहिले मान्छे बन्छन् ?
तिम्रो सहरभित्र बरालिएका शासकहरूले
किन सुन्दैनन् ?
सामाजिक न्याय, समानता र समताको पक्षमा बोलेका स्वरहरू।

प्रिय काठमाडौं, म तिम्रो छातीमा उभिएर
कहिलेसम्म क्रान्ति गरिरहनुपर्ने हो ?
तिम्रो सिंहदरबारलाई सुनाइदिनु
सरकार, कोठा खाली छ ?

# लालपुर्जा

डिबी गुरुङ
रातोपाटीबाट

एकथान लालपुर्जा बनाएर मर्नु थियो, तर बनाउन नपाउँदै डो जरले घर भत्काइदियो।
आफ्नै नामको लालपुर्जा देखाउने रहर थियो, तर लालपुर्जाविहीन घर भत्केपछि बागमती किनारैकिनार लखेटिएँ।
सरकारले दिएको लालपुर्जा देखाउने रहर थियो, तर डोजरले घर भत्काएपछि लालपुर्जाविहीन भएँ।
एकथान लालपुर्जा बनाएर
मर्नु थियो
बागमती किनारमा मलाई।
एकथान लालपुर्जा
आफ्नै देखाएर
जल्नु थियो
आर्यघाटमा मलाई।
छाडेर गएका
आफन्त सबैलाई
देखाउनु थियो एकथान लालपुर्जा
र
भन्ने रहर थियो
देख्यौ ...........

खेलकुद

# अमेरिकालाई हराउदै नेपाल बिजयी

सुस्केरा समाचारदाता

डोल्पा, जेठ । आइसिसी क्रिकेट विश्वकप लिग-२ अन्तर्गत शनिबार को खेलमा नेपालले अमेरिका माथि शानदार जित निकालेको छ। कीर्तिपुर स्थित त्रिभुवन विश्वविद्यालय अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा नेपालले अमेरिकालाई नौ विकेटले हराएको हो । नेपालको जितमा ओपनर कुशल भुर्तेलले नटआउट शतक बनाउनुभयो । भने अर्का ओपनर आशिफ शेखले अर्धशतक बनाउनुभयो ।

टस जितेर सुरुमा ब्याटिङ गरेको अमेरिकाले दिएको १९६ रनको लक्ष्य नेपालले मात्र एक विकेट गुमाएर ३६ ओभर ४ बलमा पूरा गरेको हो । नेपालका लागि भुर्तेलले ११८ बलको सामना गर्दा चार छक्का र १३ चौकाको मद्दतमा नटआउट १२० रन बनाउँदै शतकीय पारी खेल्नुभयो । अर्का ओपनर शेखले ७२ बलको सामना गर्दै ५८ रनको अर्धशतकीय पारी खेल्नुभएको थियो ।

नेपालका लागि तेस्रो क्रममा ब्याटिङ गर्न आउनुभएका इशान पाण्डेले ३० बलको सामना गरेर २० रन थप्नुभयो टस जितेर पहिले ब्याटिङ गरेको अमेरिका ४३ दशमलव तीन ओभरमा अलआउट हुँदै १९५ रनमा समेटियो । एक सय ५३ रन बनाउँदा जम्मा तीन विकेट गुमाएको अमेरिकाले थप ३७ रन बनाउँदा बाँकी सात विकेट गुमायो । अमेरिकाका लागि ओपनर स्मित पटेल र सेहन जयसूर्याले अर्धशतकीय पारी खेल्नु भयो । अमेरिकालाई राम्रो सुरुआत दिलाउने क्रममा पटेलले ८९ बलमा तीन छक्का र आठ चौका प्रहार गर्नु भयो ।

# अर्थतन्त्रको मेरुदण्ड कृषि

- रामबहादुर केसी

...... साढे तीन खर्ब बराबरको कृषिजन्य वस्तुको आयात भइरहेको छ । यति बढी मात्रामा कृषि वस्तु आयात हुनु व्यापार घाटा र आत्मनिर्भरता दुवै दृष्टिकोणले चासो र चिन्ताको विषय हो । धेरैजसो खेती गरिने जमिनमा सिँचाइको सुविधा छैन । जुन वर्ष मौसमी वर्षा राम्रो भयो, त्यो वर्ष नेपालको कुल गार्हस्थ उत्पादनमा कृषिको भाग बढी हुन्छ भने मनसुन नराम्रो भएको अवस्थामा कृषिबाट हुने कुल गार्हस्थ उत्पादन घटेको पाइन्छ । बोटबिरुवालाई चाहिने आवश्यक खाद्य तत्वको रासायनिक मलको कारखाना देशमा नहुनाले आवश्यक सबै रासायनिक मलको आयात गर्नु पर्छ । तरकारी, धान र मकैका हाइब्रिड जात पनि चाहिँदो मात्रामा देशमा उत्पादन नहुँदा आयात भइरहेका छन् । गर्न सकिने र भूगोल अनुसारको बिउ उत्पादनलाई प्राथमिकता दिइएको छैन । युवाशक्तिलाई कृषि पेसा/व्यवसायमा आकर्षण गर्न नसक्दा रोजगारी सिर्जना गर्न सकिएको छैन । यसले दुई किसिमको असर पारेको छ । एक युवाशक्तिको विदेश पलायन र अको खेतीयोग्य जमिन बाँझो जग्गामा रूपान्तरण र अर्को कृषिमा यान्त्रीकरण हुन नसक्दा उत्पादन लागत बढिरहेको छ । सरकारी प्रयास बजारीकरणमा सहयोगी नहुँदा बिचौलियाको बिगबिगी छ, यसको मार कृषक उपभोक्ता दुवैले खेपिरहनु परेको छ । उत्पादन गरिएका वस्तु भण्डारण गरी लामो समयसम्म राख्ने भौतिक पूर्वाधार न्यून छन् । व्यावसायिक खेती गर्न न्यून जमिन छ त्यो पनि खण्डीकृत छ । वैज्ञानिक भूउपयोग नीति लागु गर्न सरकारले सकिरहेको छैन वा चाहिरहेको छैन । भूमाफिया खेतीयोग्य जमिनलाई प्लटिङ गर्न अहोरात्र खटिरहेका छन् । सस्तो दरमा पाइने कृषि कर्जा अवैज्ञानिक छ । सरकारी अनुदानले वास्तविक माटो खेलाउने कृषकलाई समेट्न सकेको छैन । जोखिम न्यूनीकरणमा बिमाले पर्याप्त भूमिका खेल्न सकेको छैन । कृषकमैत्री पनि छैन । मध्य पहाडी क्षेत्रको बस्ती खाली छन्, बाँझो जमिन बढिरहेको छ भने लगाएको खेती बालीमा बाँदरलगायत अन्य जङ्गली जनावरको प्रकोपले बसाइँसराइ गर्नुपर्नेसम्मको अवस्था छ । हाल आएर नेपालको कृषिले जलवायु परिवर्तनको मारसमेत खेपिरहेको छ । माटोमा अम्लियपन, बालीनालीमा रोगकिरा, दिन प्रतिदिन बढी रहेको पाइएको छ । स्थानीय तह, जुन कृषि कर्म गरिने मूल थलो हो, त्यहाँ यी र यस्ता चुनौती सामना गर्ने कुनै योजना, बजेट, जनशक्ति र हैसियत नै छैन । त्यसैले त कृषिले प्राथमिकता पाउन सकेको छैन ।

कृषि उत्थान कसरी त ?

कृषि भनेको उत्पादनको क्षेत्र हो । यसका लागि सामग्री/इन्पुट (सिँचाइ, बिउ, मल, श्रम र पुँजी) चाहियो अनि बल्ल आउटपुट/प्रतिफल आउँछ । त्यो प्रतिफल/उत्पादनलाई उचित व्यवस्थापन (बजार समेत) चाहिन्छ । यसका लागि के गर्ने त ? केही बुँदा प्रस्तुत गरिएको छ ।

१. सिँचाइका लागि ठुला ठुला आयोजना सुरु गरिनु पर्छ, सिक्टा, भेरी, बबई जस्ता सिँचाइ आयोजनाबाट पाठ सिक्दै । ठुला सिँचाइ आयोजनाको हालको प्रगति हेर्दा निराशाजनक छ ।

२. गुणस्तरीय र वर्णशङ्कर बिउको समेत उत्पादन, उपलब्धता बढाउनु पर्छ । बिउमा परनिर्भरता (आयात) दिनानुदिन बढिरहेको छ । ...(गोपबाट)

संस्कृति, कला, बाल संशार



किसान हुनुमा छुट्टै आनन्द र गौरव छ ।

# कर्मचारी धम्काउने व्यक्ति पक्राउ

सुस्केरा समाचारदाता

काठमाडौँ, जेठ । प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयको नाम दुरूपयोग गरी राष्ट्रसेवक कर्मचारीलाई धम्क्याउने, भय र त्रास सिर्जना गर्ने तथा अमर्यादित शब्द प्रयोग गने व्यक्ति काठमाडौँबाट पक्राउ परेका छन् ।

जिल्ला प्रहरी परिसर काठमाडौँको टोलीले आज सुर्खेत घर भई काठमाडौंको शङ्खमुल बस्ने वर्ष २२ का प्रकाश खड्कालाई पक्राउ गरिएको परिसरका प्रवक्ता, प्रहरी उपरीक्षक पवनकुमार भट्टराईले जनकारी दिनुभयो ।

प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयबाट बोलेको भन्दै दैलेखको दुल्लु नगरपालिका-१३ का वडा सचिव कमल भण्डारीलाई फोनमार्फत उनले धम्की दिएको अडियो सार्वजनकि भएको थियो ।

उक्त अडियो सामाजिक सञ्जालमा भाइरल भएपछि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका प्रवक्ता हेमराज अर्यालले विज्ञप्ति जारी सुरक्षा तथा अनुसन्धान निकायलाई तत्काल कानुनी कारबाही प्रक्रिया अघि बढाउन निर्देशन दिनुभएको थियो ।

जिम्मेवारी निर्वाह गरिरहेका राष्ट्रसेवक कर्मचारीमाथि भय र त्रास सिर्जना गर्ने, अमर्यादित व्यवहार गने तथा दबाब दिने गतिविधि पूर्णतः निन्दनीय र अक्षम्य रहेको विज्ञप्तिमा उल्लेख छ ।

कुनै पनि व्यक्तिले प्रधानमन्त्री, प्रधानमन्त्रीको सचिवालय वा प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयको नाम प्रयोग गरी फोन वा भेटमार्फत धम्की दिने, बार्गेनिङ गर्ने वा अनुचित दबाब सिर्जना गर्ने प्रयास गरेमा त्यस्ता भ्रममा नपर्न पनि कार्यालयले अनुरोध गरेको छ ।

त्यस्ता शङ्कास्पद फोन, सन्देश वा संवादहरू आधिकारिक माध्यमबाट प्रमाणीकरण गरेर मात्र काम गर्नुपर्छ ।

## सामान्य ज्ञान ३५

१. राष्ट्रिय तथ्याङ्क कार्यालयद्वारा २०८३ वैशाख १५ मा सार्वजनिक वार्षिक राष्ट्रिय लेखा अनुमान अनुसार आव २०८२/८३ मा नेपालको आर्थिक वृद्धिदर कति हुने अनुमान छ ?

☐ ३.८५ प्रतिशत

- वृद्धिदर सामान्य रहे पनि नेपाली अर्थतन्त्रको समग्र आकार भने विस्तार भएर ६६ खर्ब रुपियाँ पुग्ने प्रक्षेपण रहेको ।
- गत आवमा ४.६१ प्रतिशत वृद्धिदरसहित अर्थतन्त्र ६१ खर्ब सात अर्ब रहेकोमा यस वर्ष वृद्धिदर केही खुम्चिए पनि अर्थतन्त्रको कुल आयतन भने बढेको ।
- यो तथ्याङ्क चालु आवको सुरुवाती आठ महिनाको वास्तविक तथ्याङ्क (रियल डेटा) र बाँकी चार महिनाको अनुमानमा आधारित छ ।

२. सञ्चार प्रविधिका क्षेत्रमा ठुलो उपलब्धि हासिल गर्दै हालै कुन देशले विश्वकै पहिलो 'प्रि-सिक्सजी' परीक्षण नेटवर्क सञ्चालनमा ल्याएको छ ?

☐ चीन (सन् २०२६ अप्रिल)

मुख्य उपलब्धि : विश्वकै पहिलो 'प्रि-सिक्सजी' परीक्षण नेटवर्कको शुभारम्भ ।

प्रमुख क्षमता : हाल प्रचलनमा रहेको फाइभजीभन्दा १० गुणा बढी ।

प्राविधिक विशेषता :

- उच्च ब्यान्डविथ र न्यूनतम ढिलाइ (लो लेटेन्सी) ।
- आर्टिफिसियल इन्टेलिजेन्सको सहज एकीकरण ।
- लामो दुरीको कभरेज र प्रणालीगत प्रमाणीकरण ।

# सरकारको नीति तथा कार्यक्रमको पूर्णपाठ

सुस्केरा समाचारदाता

सरकारको नीति तथा कार्यक्रम प्रस्तुत गर्नु हुदै सम्मानिनिय राष्ट्रपति रामचन्द्र पौडेल

प्रतिनिधि सभाका सम्माननीय सभामुख,

राष्ट्रिय सभाका सम्माननीय अध्यक्ष,

सङ्घीय संसद्का माननीय सदस्यहरू,

सम्वत् २०८२ फागुन २१ गते सम्पन्न प्रतिनिधि सभाको निर्वाचनपश्चात् जनताबाट प्राप्त स्पष्ट जनादेशसहित गठन भएको सरकारका तर्फबाट सङ्घीय संसद्को दुवै सदनको संयुक्त बैठकलाई सम्बोधन गर्न पाउँदा म गौरवान्वित छु। नेपालको लोकतान्त्रिक आन्दोलनका प्रेरणाका अग्रजलाई स्मरण गर्दै नागरिक सर्वोच्चता, स्वतन्त्रता, सुशासन, भ्रष्टाचार नियन्त्रण, आर्थिक रूपान्तरण र जनउत्तरदायी शासन प्रणाली स्थापनाको आकाङ्क्षासहित २०८२ भदौ २३ र २४ गते युवापुस्ताको ऐतिहासिक सहभागितामा भएको आन्दोलनमा जीवन उत्सर्ग गर्नुहुने नागरिक तथा राष्ट्रसेवक एवम् लोकतन्त्र, स्वतन्त्रता र परिवर्तनका विभिन्न आन्दोलनमा सहादत प्राप्त गर्नुहुने ज्ञात-अज्ञात सहिदहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण तथा घाइते हुनुभएका सम्पूर्ण योद्धाहरूको शीघ्र र पूर्ण स्वास्थ्य लाभको कामना गर्दछु । उहाँहरूको बलिदान यस राष्ट्रका लागि चिरस्मरणीय र प्रेरणाको अक्षय स्रोत बनिरहने छ। उहाँहरूको त्याग, साहस र बलिदानलाई परिणाममुखी शासनमार्फत सार्थक बनाइने छ भन्नेमा विश्वस्त छु।

माननीय सदस्यहरू,

१. निर्वाचनपछि प्रतिनिधि सभामा स्पष्ट बहुमत प्राप्त एउटै राजनीतिक दलको नेतृत्वमा सरकार गठन हुनु मुलुकका लागि राजनीतिक स्थिरता, नीतिगत स्पष्टता र रूपान्तरणकारी सुधारको ऐतिहासिक अवसर हो। सरकारले सुशासनलाई समृद्ध नेपालको आधारशिलाका रूपमा ग्रहण गर्दै भ्रष्टाचारविरुद्ध शून्य सहन शीलता, सार्वजनिक सेवा प्रवाहमा सुधार, आर्थिक पुनरुत्थान र सामाजिक उन्नतिलाई अभियानका रूपमा अघि बढाउने छ । सबै वर्ग, क्षेत्र र समुदायको समान अपनत्व सुनिश्चित गर्न राजनीतिक दलहरूसँग संवाद र सहकार्यका आधारमा संविधान संशोधनका साझा विषय पहिचान गरी "संविधान संशोधन बहस पत्र" तयार गरिने छ। सरकारले अघि सारेका शासकीय सुधारका एक सय कार्यसूचीलाई पूर्ण कार्यान्वयनको सुनिश्चितता गर्दै निरन्तरता दिइने छ।

२. नेपाललाई सम्मानजनक मध्यम आय भएको मुलुकमा स्तरोन्नति गर्न आगामी दशक औसत वास्तविक आर्थिक वृद्धि दर सात प्रतिशत पुग्ने गरी "नयाँ चरणको आर्थिक सुधार शृङ्खला" अन्तर्गत बृहत् कानुनी र संस्थागत सुधार गरिने छ। उत्पादन लागत घटाउन, व्यवसाय गर्ने वातावरण सरल बनाउन, नीतिगत तथा कानुनी अवरोध हटाउन, र स्वदेशी, विदेशी तथा प्रवासी लगानी आकर्षित गर्न आर्थिक उत्प्रेरणाको आधारभूत पुनर्संरचना गरिने छ । दीर्घकालसम्म स्थिर र पूर्वानुमानयोग्य आर्थिक नीति कायम रहने व्यवस्था गर्दै राष्ट्रिय विकास प्राथमिकता, आयोजना छनोट र कार्यान्वयनमा निरन्तरता सुनिश्चित गर्ने सक्षम संस्थागत संयन्त्र निर्माण गरिने छ। साथै प्राथमिकताका सबै क्षेत्रको क्षेत्रगत नीति तयार गरी कार्यान्वयन गरिने छ।

३. सबै आर्थिक कारोबारलाई डिजिटल प्लेटफर्ममा आबद्ध गरी नगदरहित, पारदर्शी र राजस्व चुहावटमुक्त अर्थतन्त्रको औपचारिकीकरण गरिने छ। करका संरचनाको पुनरावलोकन गर्दै उद्यमी तथा मध्यम वर्गीय परिवार माथिको बोझ घटाइने छ। स्वेच्छिक कर अनुपालन, प्रविधिमैत्री राजस्व प्रशासन र शीघ्र कर विवाद समाधान प्रणालीमार्फत राजस्व प्रणालीलाई उद्यममैत्री बनाइने छ ।

४. विभिन्न देशसँग दोहोरो कर मुक्ति सम्झौता विस्तार गरिने छ। प्रदूषण, पूर्वाधार र अन्य छरिएका शुल्कलाई क्रमशः एकीकृत "हरित कर प्रणाली" मा रूपान्तरण गर्ने नीति अवलम्बन गरिने छ। भन्सार नाकामा न्यून बिजकीकरण नियन्त्रण गरिने छ। मूल्य अभिवृद्धि लगायत सबै करको फिर्ता गर्ने प्रणाली स्वचालित र समयबद्ध बनाइने छ ।

५. सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी अन्तर्राष्ट्रिय मापदण्डको पूर्ण पालना गर्दै जोखिममा आधारित नियमन, सुपरीवेक्षण र अभियोजन प्रणाली लागु गरिने छ। सहकारी संस्थाको नियमन र प्रभावकारी व्यवस्थापन गर्न राष्ट्रिय सहकारी नियमन प्राधिकरणको क्षमता सुदृढ गरिने छ। समस्याग्रस्त सहकारी संस्थामा रकम जम्मा गरेका बचतकर्ताको रकम फिर्ता गर्न एकीकृत बचतकर्ता सुरक्षण कोष स्थापना गरी कर्जा असुली मार्फत बचतकर्ताको रकम फिर्ता गरिने छ। कर्जा सूचना प्रणालीलाई सुदृढ गरी अत्यधिक ऋण, मिटर ब्याज र आर्थिक अपराध नियन्त्रण गरिने छ ।

६. पुँजी बजारलाई सुरक्षित, प्रतिस्पर्धी र अन्तर्राष्ट्रिय मापदण्ड अनुरूप विकास गरिने छ। धितो पत्र नियमन, नेप्से तथा क्लियरिङ प्रणालीको पुनर्संरचना गर्दै संस्थागत लगानीकर्ता, पेन्सन कोष, बिमा, म्युचुअल फन्ड र गैर आवासीय नेपालीको सहभागिता विस्तार गरिने छ। ऋण बजार, बन्ड बजार, पूर्वाधार बन्ड र जोखिम व्यवस्थापन उपकरण विकास गरी दीर्घकालीन पुँजी निर्माण गरिने छ ।

७. वैकल्पिक विकास वित्त, डायस्पोरा पुँजी र निजी लगानी परिचालन गरी पूर्वाधार वित्त पोषणको नयाँ मोडेल लागु गरिने छ। वैदेशिक सहायता, ऋण र निजी क्षेत्रको लगानीलाई उच्च प्रतिफल दिने आयोजनामा केन्द्रित गरिने छ। रूपान्तरणकारी आयोजना लाई स्पष्ट लक्ष्य, निश्चित बजेट र कडा समय सीमासहित अघि बढाइने छ। आयोजना प्रमुखसँग कार्यसम्पादन सम्झौता, डिजिटल प्रगति ट्र्याकिङ, जग्गा प्राप्ति र वनसम्बन्धी अवरोध समाधान गर्दै आयोजना सम्पन्न नभएसम्म प्रमुख जनशक्तिको जिम्मेवारी हेरफेर नगर्ने व्यवस्था गरिने छ।

८. सार्वजनिक खर्चलाई परिणाममुखी बनाउँदै सार्वजनिक संस्थान सुधार, खर्च कटौती र चुस्त सेवा प्रवाहलाई प्राथमिकता दिइने छ। सार्वजनिक संस्थानको वर्गीकरण गरी गाभ्ने, निजी क्षेत्रसँग सहकार्य गर्ने, रणनीतिक साझेदार भित्र्याउने वा विनिवेश गर्ने स्पष्ट नीति लागु गरिने छ ।

९. "सीमारहित अर्थतन्त्र" र "तौलरहित व्यापार" लाई राष्ट्रिय आर्थिक रणनीतिका रूपमा आत्मसात् गर्दै सूचना प्रविधिमा आधारित सेवा निर्यात, जलविद्युत्, पर्यटन र उच्च मूल्यका कृषि तथा हरित औद्योगिकीकरणलाई आर्थिक रूपान्तरणका प्रमुख आधार क्षेत्रका रूपमा विकास गरिने छ ।

१०. श्रम-निर्यातमा निर्भर अर्थतन्त्रलाई ज्ञान, सेवा, डिजिटल व्यापार, रिमोट वर्क र मूल्य अभिवृद्धि हुने सेवामुखी अर्थतन्त्रमा रूपान्तरण गरिने छ। अन्तर्राष्ट्रिय पेमेन्ट गेटवेलाई कानुनी मान्यता दिई विदेशी मुद्रा आर्जन र कर व्यवस्थापनलाई सहज बनाइने छ। निर्यात प्रतिस्पर्धात्मकता अभिवृद्धि, बजार विविधीकरण, एकीकृत व्यापार रणनीति र औद्योगिक लजिष्टिक गुरुयोजना कार्यान्वयन गरिने छ ।

११. सूचना प्रविधि क्षेत्रलाई राष्ट्रिय रणनीतिक उद्योग घोषणा गरी सफ्टवेयर, डिजिटल सेवा, क्लाउड सेवा, साइबर सुरक्षा, हरित कम्प्युटिङ र एआई कम्प्युटेसन निर्यातलाई प्रवर्धन गरिने छ। डिजिटल पार्क, उच्च क्षमताका डेटा सेन्टर र सार्वजनिक डिजिटल पूर्वाधार विकास गरी नेपाललाई टेक हबका रूपमा अघि बढाइने छ। सूचना प्रविधि निर्यात उद्योगलाई वित्तीय सहुलियत, लगानी सहजीकरण, सरकारी सह लगानी सहित अनुसन्धान तथा नवप्रवर्तन खर्चमा कर प्रोत्साहन उपलब्ध गराइने छ ।

१२. व्यवसाय दर्तादेखि निर्माण अनुमतिसम्म तिस दिनभित्र सम्पन्न गर्ने "लगानी एक्सप्रेस" नीति लागु गरिने छ। विदेशी लगानी सम्बन्धी कानुन संशोधन गरी स्वचालित मार्ग विस्तार गरिने छ। नेपाल सरकारले तोकेभन्दा माथिको लगानी गर्ने लगानीकर्तालाई "नेपाल लगानी भिसा" उपलब्ध गराइने छ।

१३. विशेष आर्थिक क्षेत्रहरूको विस्तार तथा साझा पूर्वाधारसहित "औद्योगिक ग्राम" स्थापना गरिने छ। ग्रिन गामेन्ट भिलेज, सूचना प्रविधि पार्क, कृषि उत्पादन केन्द्र लगायत उत्पादनमूलक तथा नवप्रवर्तनमा आधारित औद्योगिक क्षेत्रहरूको विकास गर्दै त्यस्ता क्षेत्रलाई औद्योगिक पर्यटनसँग आबद्ध गरिने छ। "स्टार्टअप नेपाल पोर्टल" मार्फत एकै दिनमा कम्पनी दर्ता, कर छुट, बिउ पुँजी लगायतका सेवा प्रदान गरिने छ।

१४. ग्रामीण अर्थतन्त्रको पुनर्जीवन र कृषिलाई सम्मानजनक र उद्यमशील पेसाको रूपमा स्थापित गर्न बहुपक्षीय लगानी प्रवर्धन गरिने छ। उत्पादन वृद्धि, लागत न्युनीकरण, आयात प्रतिस्थापन र खाद्यान्न आत्मनिर्भरताका लागि नीतिगत सुधार, "प्याकेजमा आधारित उत्पादन प्रणाली", यान्त्रिकीकरण, डिजिटल प्रविधि तथा एग्रिटेक मार्फत कृषि आधुनिकिकरणलाई तीव्रता दिइने छ। विशिष्टीकृत उत्पादन क्षेत्र विकास गरी कृषि उत्पादनलाई उद्योग, प्रशोधन र बजारसँग जोड्दै वैदेशिक रोजगारीबाट फर्किएका जनशक्तिलाई कृषि उद्यममा आकर्षित गरिने छ।

१५. बाली लगाउनुअघि नै प्रमुख कृषि बालीको न्यूनतम समर्थन मूल्य तोकी प्रभावकारी रूपमा कार्यान्वयन गरिने छ। समर्थन मूल्यको कार्यान्वयन तथा भुक्तानी प्रणालीलाई डिजिटल बनाउँदै रकम सिधै किसानको बैंक खातामा जम्मा हुने व्यवस्था मिलाइने छ। न्यूनतम समर्थन मूल्यमा कृषि उपज खरिद गर्ने निजी कम्पनी तथा सहकारी लाई सहुलियत प्रदान गरिने छ। खाद्य व्यवस्था तथा व्यापार कम्पनीलाई सक्षम बनाइने छ।

१६. सार्वजनिक-निजी साझेदारीमा कृषि कम्पनी र सञ्जाल स्थापना गरी उत्पादनपछिको क्षति न्युनीकरण र आपूर्ति शृङ्खला सुदृढ गरिने छ। गुणस्तर मापदण्ड र प्रमाणीकरणसहित विश्व पहिचान गरिएका उत्पादनलाई भण्डारण, ब्रान्डिङ र स्तरीकरणमार्फत निर्यात प्रवर्धन गरिने छ। विषादीको आयात तथा प्रयोगको नियमन सुदृढ गर्न सङ्घ, प्रदेश र स्थानीय तहबिच समन्वय गरिने छ। प्रमुख कृषि उपज बजार र भन्सार विन्दुमा विषादी जाँच गर्न अन्तर्राष्ट्रिय प्रत्यायनयुक्त प्रयोगशालाहरू विकास, विस्तार र सञ्चालन गरिने छ।

१७. कृषियोग्य जमिन बाँझो रहने प्रवृत्तिलाई निरुत्साहित गर्दै भूमि बैंक प्रणालीमार्फत बाँझो जमिनलाई उत्पादन कार्यमा उपयोग गर्न युवा, महिला, भूमिहीन तथा साना तथा सीमान्तकृत किसानको पहुँच सुनिश्चि

....... . .पेज नं. ४ मा

# डोल्पो क्याम्पस डोल्पामा एम.एड.संचालन प्रयास

लेख बुढा

डोल्पा, जेठ। डोल्पाको सदरमुकाम दुनै बजारमा रहेको डोल्पो क्याम्प दुनैमा स्नातकोत्तर (एम.एड) तह सञ्चालनको लागि अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ। डोल्पो क्याम्पस दुनै डोल्पाको संचालक समिति जेष्ठ सदस्य शेर बहादुर बुढाको अध्यक्षतामा एम.एड तह सञ्चालनको लागि सम्भाव्यता अध्ययन समितिका सदस्य द्वोय डाक्टर महेन्द्र कुमार मल्ल र हरि बहादुर थापा, जिल्ला स्थित राजनीतिक दलका प्रतिनिधि, शिक्षा प्रेमी, बुद्धिजीवी, नागरिक समाज, सञ्चार कर्मी लगाएतको सहभागी कार्यक्रमको छलफलले डोल्पाको पहिलो क्याम्पस डोल्पो क्याम्पस दुनैमा स्नातकोत्तर एम.एड तह पठनपाठनको लागि आवश्यक रहेको निष्कर्ष निकालेको छ।

सम्भाव्यता अध्ययन समितिका सदस्य डाक्टर मल्ल र थापाले डोल्पो क्याम्पसमा स्नातकोत्तर एम एड तह संचालनको लागि अवस्था कस्तो छ र यहाँका नागरिकको आवाज के छ भन्ने जानकारी लिनुको साथै सल्लाह सुझाव दिएका छन।

राष्ट्रिय स्वतन्त्र पार्टी डोल्पाका सहसचिव सुवाश कार्की, नेपाली कांग्रेस डोल्पाका सचिव हिक्मत शाही, नेकपा एमाले डोल्पाका अध्यक्ष लंक रोकाया, नेपाली कम्युनिस्ट पार्टी डोल्पाका नेता बबि किश्वर गुरुङ, नागरिक अगुवा ओमेन्द्र केसी, शिक्षा प्रेमी लक्ष्मण कार्की, पत्रकार महासंघ डोल्पा अध्यक्ष सरोज थापा लगाएतका सहभागीले डोल्पो क्याम्पसमा स्नातकोत्तर तह संचालनको लागि आवश्यकता रहेकोले सोहि अनुसार रिपोर्ट लिन सम्भाव्यता अध्ययन टोलीलाई आग्रह गरेका थिए।

स्नातकोत्तर (एम.एड) तह स्थापना गर्नु मात्र ठुलो कुरा होइन यसलाई दीर्घकालीनरुपमा संचालन गर्नु अवको आवश्यकता र चुनौती हुने स्नातकोत्तर तह सञ्चालनार्थ सम्भाव्यता अध्ययन समितिका सदस्य हरि बहादुर थापाले बताए। डोल्पाको सदरमुकाम दुनै बजारमा रहेको डोल्पो क्याम्पसमा स्नातकोत्तर तह पठनपाठन संचालन गर्नको लागि आवश्यकता रहेको महसुस गरेको थापाले बताए। डोल्पा भुगोल ठुला संगै यहाँबाट अध्ययन गर्न बाहिर जाने बिधार्थीलाई घर आगनमै सहज अध्ययन गर्ने सहज हुने बिश्वास रहेको थापाले बताए।

डोल्पा जिल्ला स्नातकोत्तर तह (एम.एड) पठनपाठनको लागि आवश्यक देखिएको सम्भाव्यता अध्ययन समितिका सदस्य डाक्टर महेन्द्र कुमार मल्लले बताएका छन। अन्य जिल्लामा दुई तीन स्थानमा स्नातकोत्तर तहको कार्यक्रम संचालन छ यहाँ डोल्पामा अझै नहुनु दुखद कुरा रहेको हुदा अब सबै सरोकारवाला निकायले आआफनो ठाउँबाट साथ र सहयोग गर्न मल्लले आग्रह गरेका छन। केही कुराको कमिकम्जोरी भएता पनि डोल्पा ठुलो बिकट जिल्ला भएको हुदा यहाँका बासिन्दा नागरिकले घर आगनमै उच्च शिक्षा पढ्न पाउनु पर्ने अधिकार रहेको मल्लले बताए। डोल्पो क्याम्पसलाई भौतिक संगै शैक्षिक गुणस्तरको बिकास गर्नको लागि मल्लले सुझाव दिएका छन। सके सम्म यो बर्ष नै नभए आगामी बर्ष देखि डोल्पो क्याम्पसमा स्नातकोत्तर तह संचालनको लागि सम्भाव्यता अध्ययन टोलीले सिफारिस गर्ने पनि उनले आश्वासन दिएका छन।

डोल्पो क्याम्पसमा उच्च शिक्षा स्नातकोत्तर तह संचालनको लागि सबै प्रक्रिया पूरा गरि सकेको डोल्पो क्याम्पस दुनैका क्याम्पस प्रमुख बिष्णुलाल बुढाले बताएका छन। आफुले नेतृत्व पाएको छोटो समयमा क्याम्पसले धेरै फड्को मारेको पनि उनले दाबी गरेका छन। कार्यक्रममा क्याम्पस प्रमुख बुढाले क्याम्पसको अवस्था र गतिविधि बारे जानकारी दिएका थिए।

चालु आ.व बाटै स्नातकोत्तर तह (एम.एड) कार्यक्रम संचालनको लागि सम्भाव्यता अध्ययन टोलीलाई डोल्पो क्याम्पसका जेष्ठ सदस्यका हैसियतले कार्यक्रमको अध्यक्षता गरेका शेर बहादुर बुढाले आग्रह गरेका छन। आवश्यकता अनुसार क्याम्पस व्यवस्थापनले अपुग क्याटोगोरी सबै विस्तारै परिपुर्ति गर्दै जाने पनि उनले प्रतिवद्धता व्यक्त गरेका छन। डोल्पो क्याम्पसले पहल गरेको र डोल्पामा स्नातकोत्तर(एम.एड.) आवश्यक छ।

## मानवअधिकारको सम्मान गरौं

- मानवअधिकार जन्मसिद्ध र नैसर्गिक अधिकार हो,
- मानवअधिकार व्यक्तिको जात, धर्म, भाषा, लिंग वा वर्णको आधारमा भेदभाव नगरी समान अधिकार र अवसर प्रदान गरिएको हुन्छ,
- मानवअधिकार देशको संविधान, कानून र अन्तराष्ट्रिय सन्धिद्धारा प्रदत्त अधिकार हुन्,
- मानवअधिकार उल्लंघन नगरौं,
- मानवअधिकारको उल्लंघन भएमा राष्ट्रिय मानवअधिकार आयोग वा सम्बन्धित निकायमा उजुरी गरौं।

मानवअधिकारप्रति सचेत रहौं।

त्रिपुरासुन्दरी नगरपालिका, डोल्पा

## आगो, हीटर र गिजरको प्रयोग गर्दा सावधानी अपनाऔं।

- आगो तथा हीटर नजिकबाट नतापौं।
- कागज, कपडा जस्ता छिटो जल्ने सामाग्री आगो वा हीटरको नजिक नराखौं।
- कोठामा आगो, हीटर बाल्दा हावा ओहोरदोहोर हुने व्यवस्था मिलाऔं।
- आगो तथा हीटर बन्द गरेर मात्र सुतौं।
- बाथरुममा गिजरको प्रयोग गर्दा भेन्टिलेसन खुला राखौं।
- बालबालिका, बृद्ध वा बिरामीलाई आगो वा हीटर नजिक एक्लै नछाडौं।
- घर तथा कार्यालयमा अग्नि नियन्त्रक उपकरण राखौं।
- आगो, हीटर र बिजुलीको काम सकिनासाथ बन्द गरौं।

काइके गाउँपालिका, डोल्पा

## शिक्षासम्बन्धी संवैधानिक हक

- प्रत्येक नागरिकलाई राज्यबाट आधारभुत शिक्षामा पहुँच हुनेछ।
- प्रत्येक नागरिकलाई राज्यबाट आधारभुत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यामिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुने छ।
- अपांगता भएका र आर्थिक रुपले विपन्न नागरिकलाई कानून बमोजिम निःशुल्क उच्च शिक्षा पाउने हक हुनेछ।
- ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइसम्बन्धी अपांगता भएका नागरिकलाई सांकेतिक भाषाको माध्यमबाट कानून बमोजिम निःशुल्क शिक्षा पाउने हक हुनेछ।
- प्रत्येक समुदायलाई कानूनबमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र संचालन गर्ने हक हुनेछ।

शे फोक्सुण्डो गाउँपालिका, डोल्पा



# सरकारको नीति तथा ...............

त गरिने छ। किसान सूचीकरण, परिचयपत्र र क्रेडिट कार्डमार्फत सहुलियतपूर्ण वित्त र प्रविधिमा पहुँच विस्तार गरिने छ। करार खेती, सहकारी खेती र कृषि वन प्रणालीलाई प्रोत्साहन गरिने छ।

१८. नापी र मालपोत सेवालाई एकीकरण गरी जग्गा प्रशासन सेवा चरणबद्ध रूपमा सबै स्थानीय तहमा विस्तार गरिने छ। आधुनिक प्रविधिबाट भूमिको नाप नक्सा गरी अभिलेख अद्यावधिक गर्ने प्रक्रिया अगाडि बढाइने छ। भूमिको स्वामित्व र उपयोगबिच सन्तुलन कायम हुने गरी असुरक्षित स्थानमा बसोवास गर्ने, भूमिहीन दलित, सुकुमवासी र अव्यवस्थित बसोवासीको समस्याको दीर्घकालीन समाधानका लागि सुरक्षित र उचित बसोवासको व्यवस्थापन गरिने छ।

१९. माटोको स्वास्थ्य सुधार गर्न जैविक एवम् प्राङ्गारिक मलमा अनुदानको व्यवस्था गर्दै जैविक विविधता संरक्षण र रैथाने बाली प्रवर्धन गरिने छ। उत्पादनदेखि उपभोगसम्म सम्पूर्ण खाद्य प्रणालीलाई उत्थानशील बनाइने छ। बिमा, पशुस्वास्थ्य सेवा र व्यावसायीकीकरणमार्फत पशुपालन क्षेत्र सुदृढ गरिने छ। जलाधार संरक्षण, वातावरणीय कृषि प्रणाली र प्रविधिमार्फत कृषि क्षेत्रलाई हरित अर्थतन्त्रसँग जोडिने छ।

२०. खोरेत तथा पशुपक्षीमा लाग्ने अन्य रोगको नियन्त्रणका लागि प्रदेश र स्थानीय तहसँग समन्वय गरी अभियानमुखी खोप कार्यक्रम सञ्चालन गरिने छ। साना किसानका लागि बाली तथा पशुधन बिमाको दायरा विस्तार गरी बिमा लेख जारी, प्रिमियम अनुदान भुक्तानी र दाबी प्रक्रियालाई डिजिटल प्रणालीमा आबद्ध गरिने छ।

२१. दिगो वन व्यवस्थापनमार्फत काठ, जडीबुटी, आयुर्वेदिक औषधी, कार्बन व्यापार, पर्यटन तथा बिमामा आधारित उद्योगको विकास गरी अर्थतन्त्रमा वन क्षेत्रको योगदान अभिवृद्धि गरिनेछ। जडीबुटी प्रशोधन, मूल्य अभिवृद्धि र निर्यातलाई प्राथमिकता दिइने छ।

२२. चरन क्षेत्र विकास, पशुपालन र वनमा आधारित जीविकोपार्जन प्रवर्धन गर्दै वन क्षेत्रका स्रोतहरूको वैज्ञानिक उपयोग गरिने छ। वन क्षेत्रभित्र रहेका स्याउला, सोत्तर तथा मिचाहा वनस्पतिलाई स्थानीय समुदाय र निजी क्षेत्रको संलग्नतामा उपयोग गरी प्राङ्गारिक मल, ब्रिकेट र बायोचार उत्पादन प्रवर्धन गरिने छ।

२३. “नेपाल कार्बन प्राधिकरण” गठन गरी रेड-प्लस कार्यक्रम विस्तार गरिने छ। सामुदायिक वन समूहलाई कार्बन क्रेडिटबाट प्रत्यक्ष लाभ सुनिश्चित गरिने छ। नीतिगत सुधारमार्फत भवन निर्माण तथा उद्योगमा स्वदेशी काठको उपयोगलाई प्रोत्साहन गरिने छ।

२४. “वन डढेलो उच्च-सतर्कता केन्द्र” स्थापना, निरन्तर निगरानी तथा अग्नि नियन्त्रण क्षमता अभिवृद्धि गरिने छ। ड्रोन, स्याटेलाइट लगायत आधुनिक प्रविधिमार्फत डढेलो, वन अतिक्रमण तथा अवैध क्रियाकलापको रियल-टाइम निगरानी गरिने छ।

२५. मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरणका लागि क्षतिपूर्ति, पूर्व सूचना प्रणाली, रोकथाम संरचना, तटबन्धी, स्थानान्तरण र वैकल्पिक बाली प्रवर्धन जस्ता उपाय कार्यान्वयन गरिने छ। राष्ट्रिय निकुञ्ज, आरक्ष तथा संरक्षण क्षेत्रको प्रभावकारी व्यवस्थापन गरी दुर्लभ तथा लोपोन्मुख वन्यजन्तुको वासस्थान संरक्षण गरिने छ। चुरे क्षेत्रमा एकीकृत संरक्षण, जल पुनर्भरण तथा वैज्ञानिक उत्खनन लागु गरिने छ।

२६. वातावरणीय प्रभाव मूल्याङ्कन, जग्गा प्राप्ति र वनसम्बन्धी अनुमति प्रक्रियालाई इ-पोर्टलमार्फत सरलीकृत गर्दै पूर्वाधार विकास र वातावरण संरक्षणबिच सन्तुलन कायम गरिने छ। वायुगुणस्तर सुधार, स्वच्छ प्रविधि प्रवर्धन र प्रदूषण नियन्त्रण गरिने छ। काठमाडौँ उपत्यका वायुगुणस्तर सुधार कार्ययोजना अद्यावधिक गर्दै राष्ट्रिय वायुगुणस्तर व्यवस्थापन कार्ययोजना कार्यान्वयन गरिने छ। परम्परागत इँटा उद्योगलाई स्वच्छ प्रविधिमा रूपान्तरण गरिने छ।

२७. वायुप्रदूषण न्युनीकरण, जलवायु अनुकूलन र दिगो सहरी वातावरण व्यवस्थापनका लागि बहुपक्षीय समन्वयमा कार्यान्वयन प्रणाली सुदृढ गरिने छ। सीमापार प्रदूषण नियन्त्रणका लागि द्विपक्षीय तथा क्षेत्रीय सहकार्य सुदृढ गरिने छ।

२८. अन्तर्राष्ट्रिय जलवायु वित्तमा पहुँच वृद्धि गर्दै वन, कृषि, ऊर्जा र जैविक विविधतामा आधारित हरित अर्थतन्त्रलाई टेवा दिइने छ। “हरित वित्त ढाँचा” विकास गरी जलविद्युत् लगायत हरित पूर्वाधारमा अन्तर्राष्ट्रिय सहुलियतपूर्ण वित्त आकर्षण गरिने छ। “नेट जिरो २०४५” प्रतिबद्धता कार्यान्वयनका लागि क्षेत्रगत लक्ष्य र समय सीमासहितको राष्ट्रिय कार्ययोजना लागु गरिने छ।

२९. नेपालका नदीहरूलाई केवल जलस्रोत मात्र नभई सभ्यता, संस्कृति, जैविक विविधता र मानव अस्तित्वको आधारका रूपमा समेत संरक्षण गर्ने राष्ट्रिय नीति अवलम्बन गरिने छ। धार्मिक, सांस्कृतिक, वातावरणीय तथा सामाजिक महत्त्वका नदीहरूको वैज्ञानिक अध्ययन गरिने छ। नदीसँग जोडिएका आदिवासी समुदाय, परम्परा र आध्यात्मिक मूल्यलाई राष्ट्रिय सम्पदाका रूपमा संरक्षण गर्दै आगामी पुस्ताका लागि स्वच्छ, निरन्तर बग्ने नदी प्रणाली सुनिश्चित गरिने छ। नदी बेसिनमा आधारित एकीकृत जलस्रोत व्यवस्थापन लागु गर्दै जलविद्युत्, सिँचाइ, खानेपानी, पर्यटन र तल्लो तटीय लाभहरू समेट्ने बहुउद्देश्यीय आयोजना विकास गरिने छ। आगामी दशकमा तिस हजार मेगावाट विद्युत् उत्पादन लक्ष्य हासिल गर्न ऊर्जा, वन, भूमि तथा वातावरणसम्बन्धी कानुन परिमार्जन गरी एकद्वार प्रणाली लागु गरिने छ। आयोजना प्रभावित क्षेत्रका नागरिकलाई मुआब्जाको सट्टा शेयर लगानीको विकल्प प्रदान गरिने छ।

३०. विद्युत् उत्पादन, प्रसारण, वितरण र व्यापारमा निजी क्षेत्रको सहभागिता सुनिश्चित गरिने छ। ऊर्जा-आधारित उद्योग प्रवर्धन गर्दै आन्तरिक खपतमा व्यापक वृद्धि गरिने छ। अन्तरदेशीय ऊर्जा व्यापार सम्झौताहरूलाई दीर्घकालीन लगानी आकर्षित गर्ने माध्यम बनाइने छ।

३१. राष्ट्रिय ग्रिड नपुगेका स्थानमा अफग्रिड सौर्य, वायु तथा लघु जलविद्युत् प्रणाली विस्तार गरिने छ। ग्रिन हाइड्रोजन, हरित अमोनिया तथा रासायनिक मल जस्ता रणनीतिक हरित उद्योगलाई प्रवर्धन गर्न कर-भन्सार छुट, सहुलियतपूर्ण विद्युत् दर, पुँजी प्रोत्साहन र लगानीमैत्री नीति लागु गरिने छ। साथै, यातायात क्षेत्रमा व्यावसायिक प्रयोग विस्तार गर्न ग्रिन हाइड्रोजन पूर्वाधारको सुरुवात गरिने छ।

३२. तराई-मधेशका सिँचाइ सेवा नपुगेका क्षेत्रमा भूमिगत जलस्रोत मार्फत तथा पहाडी र हिमाली क्षेत्रका कृषियोग्य फाँटहरूमा लिफ्ट प्रविधिमार्फत सिँचाइ सुविधा सुनिश्चित गरिने छ। ठूला सिँचाइ प्रणालीको आधुनिकीकरण, मर्मत सम्भार तथा पुनःस्थापना गर्दै उपभोक्ता सहभागितामा आधारित दिगो व्यवस्थापन प्रणाली विकास गरिने छ। स्वचालित जल तथा मौसम केन्द्रको विस्तार गरी पूर्वानुमान प्रणाली सुदृढ गरिने छ। बहुप्रकोप पूर्व सूचना प्रणालीलाई सुदृढ गरी थप विश्वसनीय बनाइने छ।

३३. औद्योगिक नीति, २०६७ परिमार्जन गरी नयाँ “राष्ट्रिय औद्योगिक नीति” तर्जुमा गरिने छ। स्टार्टअप, लघु, साना तथा मझौला उद्यम लाई वित्त, प्रविधि, बजार र क्षमता विकासमा एकीकृत पहुँच उपलब्ध गराउन “राष्ट्रिय उद्यम प्रवर्धन सुविधा” स्थापना गरिने छ। नेपाल व्यापार एकीकृत रणनीति र व्यापार घाटा न्युनीकरण कार्ययोजनाको प्रभावकारी कार्यान्वयन गरिने छ।

३४. लगानीका क्षेत्र विस्तार गर्दै सार्वजनिक निजी साझेदारीमार्फत परियोजना पाइपलाइन तयार गरी लगानी जोखिम बाँडफाँड र सम्झौता ढाँचा स्पष्ट गरिने छ। महिलाले नेतृत्व गरेका उद्यमलाई बजारमुखी बनाउन “महिला उद्यमशीलता विकास रणनीति” तर्जुमा गरिने छ। श्रम प्रधान, निर्यात सम्भावना भएका कृषि प्रशोधन, पर्यटन सेवा, हलुका उत्पादन र प्रविधिमा आधारित उद्योगको विस्तारका लागि “रोजगारी आदि उत्पादन क्षेत्र” स्थापना गरिने छ।

३५. खनिज तथा खानी क्षेत्रलाई आर्थिक वृद्धिको आधारका रूपमा विकास गर्न नीतिगत, कानुनी र संस्थागत सुधार गरिने छ। ढुङ्गा, गिट्टी, बालुवा लगायत निर्माण सामग्रीको दिगो उपयोग, पारदर्शी आपूर्ति र नियमन गरी अवैध उत्खनन तथा अनियमितता नियन्त्रण गरिने छ।

३६. हवाई पूर्वाधार विस्तार, अन्तर्राष्ट्रिय विमानस्थलहरूको पूर्ण सञ्चालन र आधुनिकीकरण गरी भरपर्दो र प्रतिस्पर्धी हवाई सेवा विकास गरिनेछ। नागरिक उड्डयन क्षेत्रमा संरचनात्मक सुधार, निजी क्षेत्रको सहभागिता विस्तार र अन्तर्राष्ट्रिय सुरक्षा मापदण्ड कार्यान्वयन गरिने छ। पर्यटक भिसा सेवालाई पूर्ण रूपमा अनलाइन प्रणालीमा आबद्ध गरिने छ। अन्तर्राष्ट्रिय विमानस्थलमा ई-गेट प्रणाली जडान गरी यात्रीको प्रतीक्षा समय घटाइने छ। गौतम बुद्ध र पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा थप अन्तर्राष्ट्रिय वायुसेवा प्रदायकलाई आकर्षण गर्न कूटनीतिक पहल गरिने छ।

३७. अध्यागमन विन्दुबाटै पर्यटकीय अनुमति र सेवाहरूलाई एकीकृत गर्ने एकद्वार डिजिटल पर्यटन प्रणाली लागु गरिने छ। पर्वतीय पर्यटनको सुरक्षा, खोज तथा उद्धार प्रणालीलाई आधुनिक प्रविधिसँग जोडिने छ। “भिजिट नेपाल २०८५” को पूर्व तयारीका लागि पर्यटक आगमन, प्रति पर्यटक खर्च वृद्धि र बसाइ अवधि बढाउने गरी अन्तर्राष्ट्रियस्तरमा प्रवर्धन गरिने छ।

३८. नेपाललाई विश्व आध्यात्मिक पर्यटनको केन्द्रका रूपमा स्थापित गर्न “देवभूमि नेपाल” राष्ट्रिय अभियान सञ्चालन गरिने छ। धार्मिक, सांस्कृतिक, आरोग्य, अध्ययन, चलचित्र, आध्यात्मिक तथा अवकाश पर्यटनको उदाउँदो गन्तव्यका रूपमा विकास गरिने छ। आध्यात्मिक तीर्थ कूटनीति मार्फत पशुपतिनाथ, लुम्बिनी, जनकपुरधाम र मुक्तिनाथ क्षेत्रको प्रवर्धन गरिने छ।

३९. समुदायद्वारा सञ्चालित होमस्टे, स्थानीय कला, संस्कृति र परम्परलाई पर्यटनसँग जोड्दै सीमान्तकृत तथा दलित समुदायको आयआर्जन र रोजगारी प्रवर्धन गरिने छ। जीवन्त सङ्ग्रहालयको अवधारणालाई कार्यान्वयन गर्दै कम्तीमा पाँच हजार नयाँ होमस्टेलाई “नेपाल होमस्टे” ब्रान्डिङसहित बुकिङ प्लेटफर्मसँग आबद्ध गरिने छ।

४०. नेपाललाई साहसिक पर्यटनको आकर्षक गन्तव्यका रूपमा विकास

....... .. .पेज नं. ५ मा

# सरकारको नीति तथा ..............

गर्न पर्वतारोहण, ट्रेकिङ, र्‍याफ्टिङ, प्याराग्लाइडिङ, बन्जी जम्प, स्काइ डाइभिङ लगायत साहसिक पर्यटन पूर्वाधार, सुरक्षा मापदण्ड र अन्तर्राष्ट्रिय प्रवर्धनलाई सुदृढ गर्दै प्रकृति, संस्कृति र समुदायमा आधारित नयाँ पर्यटन इकोसिस्टम विकास गरिने छ। कर्णाली, सुदूरपश्चिम, मधेश र कोशी प्रदेशलाई थप प्राथमिकतामा राखी नयाँ गन्तव्यहरूको प्रवर्धन गरिने छ। हिमाली, मध्यपहाडी र तराई क्षेत्रमा कम्तीमा दस नयाँ पदमार्ग पहिचान र प्रवर्धन गरिने छ। नेपाल पर्यटन बोर्डलाई सार्वजनिक निजी साझेदारी मोडेलमा पुनर्संरचना गरी नवप्रवर्तनशील बनाइने छ।

४१. नयाँ राष्ट्रिय रोजगारी नीति तर्जुमा गरी सिप, शिक्षा, श्रम बजार सूचना, सामाजिक सुरक्षा र रोजगार सेवा प्रणालीलाई एकीकृत गरिने छ। "कमाउँदै सिक्दै" अवधारणामा आधारित राष्ट्रिय एप्रेन्टिससिप कार्यक्रम सञ्चालन गरिने छ। नेपालमै बसेर विदेशी रोजगारदाताका लागि काम गर्न सकिने "रिमोट वर्क नीति" को कानुनी व्यवस्था गरिने छ। वैदेशिक रोजगारीबाट फर्केका युवाको सिपलाई डिजिटल "सिप पासपोर्ट" मार्फत अभिलेखीकरण गरी अन्तर्राष्ट्रिय व्यावसायिक प्रमाणीकरण उपलब्ध गराइने छ।

४२. श्रमिकका लागि कानुनी सहायता र न्यायमा सहज पहुँच सुनिश्चित गरिने छ। डिजिटल श्रम निरीक्षण प्रणाली लागु गरी न्यूनतम पारिश्रमिक सुनिश्चितता, कार्यस्थलमा व्यावसायिक सुरक्षा तथा स्वास्थ्यको प्रत्याभूति गरिने छ। सरकार, रोजगारदाता र श्रमिकबिच असल श्रम सम्बन्ध विकास गर्दै राष्ट्रियस्तरको कल्याणकारी कोष प्रभावकारी रूपमा परिचालन गरिने छ। बाल श्रम निवारणसम्बन्धी प्रतिबद्धताको कडाइका साथ कार्यान्वयन गरिने छ।

४३. वैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित र प्रतिफलमूलक बनाइने छ। अत्यधिक सेवा शुल्क र श्रम शोषणविरुद्ध कारबाही गरिने छ। वैदेशिक रोजगारमा जानेका लागि छुट्टै लेन र सेवा उपलब्ध गराइने छ। श्रम कूटनीति मार्फत उच्च पारिश्रमिक दिने गन्तव्यतर्फ विविधीकरण गरिने छ। विप्रेषणलाई उपभोगबाट उत्पादिशील लगानीमा रूपान्तरित गर्न "विप्रेषण-लगानी मिलान कोष" सञ्चालन गरिने छ। विदेशमा मृत्यु वा अङ्गभङ्ग भएका कामदारका परिवारका लागि उद्धार र कल्याणकारी कार्यक्रम सुदृढ गरिने छ। रिभर्स माइग्रेसनलाई प्रोत्साहन गर्न एकीकृत प्रोत्साहन प्याकेज ल्याइने छ।

४४. अनौपचारिक क्षेत्रलाई औपचारिक अर्थतन्त्रमा रूपान्तरण गर्दै श्रमिकको अधिकार संरक्षण गरिने छ। वैदेशिक रोजगारीलाई बाध्यताबाट विकल्पमा रूपान्तरण गर्न आर्थिक वर्ष २०८३/०८४ देखि २०९२/०९३ सम्म "रोजगार प्रवर्धन दशक" घोषणा गरी कार्यक्रम सञ्चालन गरिने छ।

४५. शिक्षालाई समता र समृद्धिको आधारका रूपमा स्थापित गरिने छ। माध्यमिक तहसम्म निःशुल्क शिक्षा सुनिश्चित गरिने छ। पुस्तक, दिवा खाजा र पोसाकको सहज वितरणसहित शिक्षालाई गुणस्तरीय, जीवनोपयोगी तथा रोजगारमुखी बनाउँदै सबै तहको पाठ्यक्रमको समयसापेक्ष पुनरावलोकन गरिने छ। सार्वजनिक शिक्षामा दीर्घकालीन लगानी वृद्धि गर्दै निजी क्षेत्रबाट सञ्चालित शिक्षण संस्थालाई सेवामुखी र गुणस्तर-केन्द्रित बनाउन स्वस्थ नियमन गरिने छ।

४६. ई-लर्निङ, भर्चुअल कक्षा, खुला डिजिटल सामग्री, कृत्रिम बुद्धिमत्तामा आधारित सिकाइ प्रणाली विस्तार गरिने छ। उच्च शिक्षालाई श्रम बजारसँग आबद्ध गराउँदै विश्वविद्यालयको प्राज्ञिक तथा शासकीय पुनर्संरचना गरिने छ। दस हजार सामुदायिक विद्यालयमा उच्च गतिको इन्टरनेट, डिजिटल सामग्री र कृत्रिम बुद्धिमत्तामा आधारित सिकाइ प्रणाली विस्तार गरिने छ। विद्यालय नक्साङ्कन, समायोजन, शिक्षक दरबन्दी मिलान, पुस्तकालय र प्रयोगशाला सुधार एकीकृत योजनामार्फत कार्यान्वयन गरिने छ।

४७. विपन्न, सीमान्तकृत, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका तथा पिछडिएका क्षेत्रका सबै बालबालिकाका लागि गुणस्तरीय शिक्षामा समान पहुँच सुनिश्चित गरिने छ। स्वास्थ्य, पोषण, छात्रवृत्ति, आवासीय सुविधा र सुरक्षित सिकाइ वातावरणलाई सुदृढ गरिने छ। अटिजम तथा न्यूरो डाइभर्सिटी भएका बालबालिकाका लागि थेरापी सेवा, असिस्टिभ टेक्नोलोजी, विशेष तालिम प्राप्त शिक्षक र समावेशी विद्यालय प्रणाली विकास गरिने छ। सबै छात्रवृत्ति कार्यक्रमलाई योग्यतामा आधारित र डिजिटल प्रणालीमार्फत सिधै बैंक खातामा भुक्तानी हुने व्यवस्था मिलाइने छ।

४८. शिक्षक नियुक्ति, पदोन्नति र मूल्याङ्कन प्रणालीलाई योग्यतामा आधारित र पारदर्शी बनाइने छ। शिक्षकको पेसागत विकास, अभिलेख व्यवस्थापन र उचित पारिश्रमिक सुनिश्चित गरिने छ। उत्कृष्ट शिक्षक प्रोत्साहन कार्यक्रम सञ्चालन गरिने छ। विद्यालय शिक्षालाई सिकाइमुखी बनाउन पाठ्यक्रम, मूल्याङ्कन र प्रमाणीकरण प्रणालीको पुनरावलोकन एवम् सुधार गरिने छ।

४९. खेलकुदलाई राष्ट्रिय एकता, स्वास्थ्य, पर्यटन र अर्थतन्त्रसँग तोड्दै विद्यालय तहदेखि प्रतिभा पहिचान कार्यक्रम सञ्चालन गरिने छ। खेल क्षेत्रको व्यावसायीकीकरण, निजी क्षेत्रको सहभागिता र खेलाडीको सामाजिक सुरक्षा सुनिश्चित गरिने छ। राष्ट्रिय स्वयंसेवक कार्यक्रम सञ्चालन गरी डिजिटल साक्षरता, समुदाय सेवा, नवप्रवर्तन र स्थानीय विकासमा युवा परिचालन गरिने छ।

५०. महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, यौनिक अल्पसङ्ख्यक लगायत सबै लक्षित समूहको आर्थिक, सामाजिक र राजनीतिक सशक्तीकरणलाई उच्च प्राथमिकता दिइने छ। अन्तर्राष्ट्रिय प्रतिबद्धताको प्रभावकारी कार्यान्वयन गर्दै अधिकारमा आधारित विकासको सुनिश्चितता गरिने छ।

५१. सबै प्रकारका लैङ्गिक हिंसामा शून्य सहनशीलता अपनाउँदै मानव बेचबिखनमुक्त समाज निर्माण गरिने छ। सामाजिक तथा सांस्कृतिक विभेद र हानिकारक अभ्यास अन्त्य गर्न सामाजिक रूपान्तरण अभियान सञ्चालन गरिने छ। हिंसा पीडित-केन्द्रित सेवा प्रणाली सुदृढ गरी उद्धार, कानुनी सहायता, पुनःस्थापना र सामाजिक पुनःएकीकरणका कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गरिने छ।

५२. आगामी आर्थिक वर्षभित्र सडक बालबालिकामुक्त नेपाल घोषणा गरिने छ। तिनै तहका सरकारको बजेट प्रणालीमा "बालबालिका उत्तरदायी बजेट कोड" लागु गरिने छ।

५३. असहाय, अशक्त तथा जोखिममा परेका नागरिकको समुदायमै संरक्षण तथा पुनःस्थापना सेवाको व्यवस्था गरिनेछ। अपाङ्गता भएका व्यक्तिलाई उद्यमशीलता र रोजगारमूलक सिप प्रदान गरी आत्मनिर्भर बनाइने छ। सार्वजनिक संरचनालाई पूर्ण रूपमा अपाङ्गतामैत्री बनाइने छ।

५४. सामाजिक क्षेत्रका कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन, दोहोरोपन न्युनीकरण र सेवा प्रवाहमा एकरूपता कायम गर्न सङ्घ, प्रदेश र स्थानीय तह बिचको समन्वय तथा सहकार्य सुदृढ गरिने छ। गैरसरकारी संस्थामार्फत हुने लगानीलाई राष्ट्रिय प्राथमिकताका क्षेत्रमा परिचालन गर्न नीतिगत तथा संस्थागत सुधार गरिने छ।

५५. देशभर आधभूरभूत स्वास्थ्य सेवामा "न्यूनतम मापदण्ड" लागु गर्दै आवश्यक जनशक्ति, औषधी, उपकरण र पूर्वाधारसहितको एकीकृत सेवा मोडेल कार्यान्वयन गरिने छ।

५६. स्वास्थ्य बिमा कार्यक्रमको पुनर्संरचना गरिने छ। टेलिहेल्थ प्लेटफर्ममार्फत दुर्गम क्षेत्रका नागरिकलाई विशेषज्ञ परामर्श सेवा उपलब्ध गराइने छ। रोग निगरानी र नियन्त्रणका लागि "सेन्टर फर डिजिज कन्ट्रोल" तथा स्वास्थ्य सेवा गुणस्तर बढाउन "राष्ट्रिय स्वास्थ्य प्रत्यायन प्राधिकरण" स्थापना गरिने छ। जैविक अध्ययन, सार्वजनिक स्वास्थ्य अनुसन्धान र महामारी नियन्त्रण क्षमता सुदृढ गर्न सङ्घीय तहमा "राष्ट्रिय जैविक अध्ययन प्रयोगशाला" स्थापना गरिने छ।

५७. क्यान्सर लगायत नसर्ने रोग नियन्त्रणका लागि उपचारभन्दा रोकथाम, सचेतना, नियमित परीक्षण र जीवनशैलीमा आधारित रणनीति कार्यान्वयन गरिने छ। मानसिक स्वास्थ्यलाई सार्वजनिक स्वास्थ्यको अभिन्न अङ्गका रूपमा स्थापित गर्दै राष्ट्रिय मानसिक स्वास्थ्य नीति कार्यान्वयन गरिने छ। योग, ध्यान र समुदायमा आधारित स्वास्थ्य कार्यक्रमको विस्तार र प्रवर्धन गरिने छ।

५८. अत्याधुनिक अपाङ्गता पुनःस्थापना केन्द्रहरूको स्थापना गरी प्रोस्थेटिक्स, फिजियोथेरापी लगायतका विशिष्टीकृत सेवाहरू उपलब्ध गराइने छ। अपाङ्गताको प्रारम्भिक पहिचान, शीघ्र हस्तक्षेप र पुनःस्थापना सेवालाई आधारभूत स्वास्थ्य प्रणालीसँग आबद्ध गर्दै स्थानीय तहसम्म विस्तार गरिने छ। बौद्धिक अपाङ्गता भएका बालबालिकाका लागि सहायक प्रविधिसहित विशेष कार्यक्रम सञ्चालन गरिने छ।

५९. स्वास्थ्य जनशक्ति विकास गर्न एकीकृत मानव संसाधन प्रणाली विकास गरिने छ। आयुर्वेद, प्राकृतिक तथा वैकल्पिक उपचार पद्धतिलाई वैज्ञानिक आधारमा संस्थागत गरिने छ। नेपाल औषधी लिमिटेडको स्तरोन्नति गरिने छ। स्वदेशी औषधि उत्पादनलाई प्रवर्धन गरिने छ।

माननीय सदस्यहरू,

६०. सम्वत् २०८७ सम्ममा सबै नागरिकलाई स्वच्छ खानेपानी तथा आधारभूत सरसफाइ सुविधा सुनिश्चित गर्ने लक्ष्यसहित तिनै तहका सरकारको समन्वयमा एकीकृत कार्यक्रम कार्यान्वयन गरिने छ। ठुला अधुरा आयोजनाहरू शीघ्र सम्पन्न गरिने छ। तराई-मधेशमा आर्सेनिकमुक्त पानी, डिप बोरिङ र सतही जल प्रणाली विकास गरिने छ। ढल व्यवस्थापन प्रणाली सुधार गरी नदी-नालाको स्वच्छता कायम गरिने छ। खानेपानीको गुणस्तर प्रति सार्वजनिक विश्वास कायम गर्न पानी परीक्षण प्रयोगशाला र नियमित परीक्षण पद्धति स्थापित गरिने छ।

६१. जलवायु परिवर्तनका प्रभाव न्यूनीकरण गर्न भूमिगत जल पुनर्भरण, वर्षातको पानी सङ्कलन, जलाशयमा आधारित आयोजना र मुहान संरक्षणलाई प्राथमिकता दिइने छ। "हिमालयन ओरिजिन सेफ ड्रिङ्किङ वाटर" अवधारणामार्फत नेपाली जलको ब्रान्डिङ गरिने छ।

६२. सार्वजनिक पूर्वाधार, विद्या लय, स्वास्थ्य संस्था र राजमार्ग क्षेत्रमा सुरक्षित पिउने पानी तथा अपा ङ्गतामैत्री सरसफाइ पूर्वाधार ..................